नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

पत्र सं.:-२०८०/०८१

चलानी नं.:- २७९

मितिः- २०८०/०९/२२

विषयः- जानकारी सम्बन्धमा।

श्री स्थानीय तह (सबै)।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको च.नं. ३३५०४ मिति २०८०/०९/१७ को सुझाव सम्बन्धी पत्र संलग्न छ। विस्तृत व्यहोरा पत्रबाटै अवगत गरी सोही बमोजिम आवश्यक कार्यार्थ पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ।

०९/२२

(आयुषी भट्टराई)

शाखा अधिकृत

बोधार्थः

श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टङ्गाल, काठमाडौं। ।

श्री सूचना तथा प्रविधि शाखाः- Website मा Upload गरिदिनुहुन ।

# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

टंगाल, काठमाडौं

महाशाखा नं. ५

पत्र संख्या :- ५/ऊर्जा/२७७/०८०/०८१

चलानी नं. :- 33708

मितिः २०८०/०९/१७

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,

सिंहदरवार, काठमाण्डौ।

अत्यन्त जरुरी/गोप्य

विषयः सुझाव सम्बन्धमा।

उपरोक्त सम्बन्धमा यस आयोगमा दर्ता भएको उजुरी (उ.द.नं. ७९८०८-०६३८८१, मिति २०८०/०२/०८) उपर अनुसन्धान तहकिकात गर्दा विद्युतीकरणको त्रुटिपूर्ण जडानबाट उत्पन्न हुने मानवीय तथा भौतिक क्षति न्यूनीकरण गर्न विद्युतीकरण जस्ता प्राविधिक एवं जोखिमयुक्त कार्य उपभोक्ता समिति मार्फत गराउँदा थप सतर्कता अपनाउन अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २८ को उपदफा (१) को खण्ड (ख) बमोजिम संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत सम्पूर्ण स्थानीय तहलाई "स्थानीय तहबाट विनियोजन हुने बजेटबाट विद्युतीकरणका कार्य गर्दा हुन सक्ने जोखिम र दुर्घटनालाई ध्यानमा राखी नेपाल विद्युत प्राधिकरणसँगको समन्वय र प्राविधिक परामर्शमा मात्र गर्ने गरी सतर्कता अपनाउन" सुझाव लेखी पठाउने भनी आयोगबाट मिति २०८०/०९/१२ मा निर्णय भएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

२०८०/९/१६

..............

(बुद्ध कुमार राई)

शाखा अधिकृत

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

दर्ता नं.: ९५६

दर्ता मितिः ०८०/०९/२२

प्र.प्र. स्थानीय तह समन्वय शाखा,

सबै स्थानीय तहलाई पठाउने।

०८०/०९/२२